भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७८।७९
चलानी नं. ९४०३
प्राप्त पत्र संख्या र मिति :

मिति:२०७९/०२/३१

**श्री केन्द्रिय सहकारी संघ लि., सबै**
**श्री साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रिय कार्यालय, बबरमहल**
**श्री विशिष्टिकृत सहकारी संघ लि.,सबै**
**श्री प्रदेश सहकारी संघ लि. सबै.**
**श्री जिल्ला सहकारी संघ लि. सबै**

विषयः **कोपोमिसमा सहकारी संस्थाको समष्टिगत विवरण भर्ने भराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय र सम्बद्ध अन्य सरोकारवाला निकायहरुलाई नियमित एवं आवधिक रुपमा नेपालको सहकारी सम्बन्धी तथ्याङ्क आवश्यकता पर्ने व्यहोरा सर्वविदितै छ । हाल नेपालमा करिब ३०,००० को संख्यामा विभिन्न प्रकृतिका सहकारीहरु रहेका छन् । सहकारी क्षेत्रको यथार्थ तथ्याङ्को अभावमा प्रभावकारी नीति, योजना, कार्यक्रम निर्माण गर्न समस्या परेको छ । सहकारी क्षेत्रको तथ्याङ्क प्राप्तिको लागि सहकारी संघ/संस्थाहरुले भर्नुपर्ने समष्टिगत विवरण लगायतका अन्य नियमित रुपमा प्रविष्टि गर्नुपर्ने विवरणहरु प्रविष्टिका लागि COPOMIS System तयार गरी www.copomis.gov.np बाट संचालन भैरहेको छ । सो सिस्टम विभागको वेभसाइट www.deoc.gov.np मा समेत राखिएको छ ।

सहकारी संघ/संस्थाहरुले उल्लेखित विवरण अविलम्ब प्रविष्टि गर्न गराउनको लागि प्रदेश सहकारी रजिष्ट्रार, सबै स्थानीय तह, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रिय संघ, प्रदेश सहकारी संघ, विशिष्टिकृत संघ, जिल्ला सहकारी संघहरु समेतलाई २०७९।०२।०९ गते परिपत्र मार्फत अनुरोध गरी सकिएको छ । उल्लेखित सन्दर्भमा कोपोमिसमा समष्टिगत विवरण अभिलेखिकरण गर्न तहाँ संघ/संस्थामा आवद्ध सहकारी समेतका सबै संस्थाहरुमध्ये **२०६५** वटा संस्थाले मात्र समष्टिगत विवरण भरेको देखिन्छ । विभागले समष्टिगत विवरण प्रविष्टिमा उल्लेखनिय सहयोग पुग्ने अपेक्षा गरेको तहाँ आवद्ध संघ/संस्थाबाट यति थोरैको संख्यामा प्रविष्टि हुनु अपेक्षा गरिएको थिएन । तहाँबाट गरिएको प्रतिवद्धता एकातर्फ पूरा नहुने मात्र होइन अर्कोतर्फ नेपाल सरकारले सहकारी सम्बन्धी आधारभूत तथ्याङ्क प्राप्ति गर्ने उद्देश्यमा सहयोग पुग्न सक्ने अवस्था देखिएन । विभागको www.copomis.gov.np मा वा www.deoc.gov.np मा विवरण भर्ने गाईडलाइन र Video समेत पनि राखिएको छ ।

अतः अब बाँकी रहेको यस आ.व.को एक महिनाको अवधिमा तहाँ आवद्ध सबै सहकारी संघसंस्थाहरुलाई समष्टिगत विवरण भर्ने भराउने कार्यमा जनशक्तिको व्यापक परिचालन तथा अझै सक्रियताको अपेक्षा गर्दै यहि २०७९ आषाढ भित्र समष्टिगत विवरण भर्ने भराउने कार्यमा सहयोगको लागि पुनःअनुरोध गर्दछु ।

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

बोधार्थः
श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार ।